# बौद्ध पवित्र तीर्थस्थलहरू

भगवान शाक्यमुनि गौतम बुद्धको जीवनीसंग सम्बन्धित जन्म, बोधिलाभ, धर्मचक्र प्रवर्द्धन र महापरिनिर्वाण जस्ता घटनाहरूलाई अतिमहत्वका साथ लिने गरिन्छ। यी चार घटना घटेको तिथिहरूमा भगवान बुद्धको स्मरणमा पूजापाठ गर्नु, उक्त स्थानहरूको दर्शन र भ्रमण गर्नाले पुन्यलाभ गर्न सकिन्छ भन्ने बिश्वास रहेको छ। यसबारेमा बुद्ध स्वंमले वहाँको महापरिनिर्वाण हुने अन्तिम अवस्थामा आनन्दले भगवानको महापरिनिर्वाण पश्चात कस्को साहारा लिने भनि भगवानलाई सोध्नु हुँदा, माथिका चार घटना घटेका स्थानहरू लुम्बिनी, बौद्धगया, सारनाथ र कुशिनगरको दर्शन गर्नु। म त्यहाँ हुनेछु भन्नु भएको थियो। सोहि अनुसार प्रत्येक बौद्धमार्गीहरूले जिवनमा एक पटक मात्र भए पनि यो चार स्थानहरूको दर्शन गरी बुद्धज्ञान प्राप्त गर्दा जीवन सार्थक हुनेछ। साथै पवित्र चार धामको प्रत्यक्ष दर्शन गरे पछि वा बुद्धबचन त्रिपिटकको ग्रन्थहरू बाचन गरे पछि वा कुनै पनि पिटक छाप्नका लागि दान गर्नु हुने सहयोगी दाताहरू वा उपासक र उपासिकाहरू बुद्धक्षेत्र सुखवतीको हकदार हुने छन्। फेरिपनि मृत्यु हुनु भन्दा पहिला नै गर्नु पर्ने र चाहनु हुने उत्कृष्ट कर्महरू बाँकी राख्नु हुदैन। मृत्यु पश्चात गर्नु पर्ने दाह संस्कार र पिन्डकर्महरू उत्तराधिकारीहरूको कर्तब्य र दायितव हुन्।


१. **लुम्बिनी**: कपिलबस्तुको राजा शुद्धोधनको रानी महामायादेबी आफ्नो माइती देवदह जाने क्रममा सुन्दर लुम्बिनी साल बगैचामा बैशाख पूर्णिमाको दिन ६२३ इशापूर्व शाक्यमुनि गौतमको जन्म भएको थियो। त्यसैले यस स्थानलाई बुद्ध जन्मभूमि लुम्बिनी भन्दछ। यहाँ लुम्बिनी साल बगैच महामाया विहार शाक्यमुनिको शिला, अशोक पिलर, पोखरी र बिभिन्न देशका बौद्ध संस्कृति झल्किने गरी निर्माण गरिएका बौद्ध स्तुपाहरू, गुम्बाहरू बिश्वशान्तिदीप लुम्बिनी बौद्ध विश्वविद्यालय आदि रहेका छन्।

२. **बुद्धगया**: आदिम कालमा गया नामक गाउँमा सुजाता नामक महिला थियो। उनले पुत्र लाभको लागि पिपलको रूखमा भाकल गरेकी थिइन्। एक बिहना पूजा गर्न जाँदा त्यहाँ भिक्षु देखे। उनलाई देवता सम्झि सुनको पात्रमा खीर चढाए। खीर ग्रहण गरे पछि आहार त्यागेर गरेको तपस्याबाट जीर्ण भएको शरीरमा उर्जा संचार भयो। त्यसपश्चात मध्यमार्गी बाटो अपनाइ गरिएको ध्यान र साधना मार्फत बैशाख पूर्णिमाकै रात बुद्धत्व प्राप्त गर्नु भएको स्थान बुद्धगया हो। त्यहाँ महादेवी विहार, देशतिल विहार ८० फिट आग्लो बुद्धको मुर्ति, नेरन्जना नदी, डुंगेस्वरी पर्वत र सुजाता महल आदि रहेका छन्।

३. **सारनाथ**: तथागत बुद्धले आफ्नो मातृभूमि कपिलबस्तुबाट प्रबर्जित भएर आएका पञ्च बर्गिय भिक्षुहरूलाई यदि मैले बुद्धत्व प्राप्त गर्न सके भने, सर्वप्रथम तपाइँहरू पाँच जनालाई धर्मदेशना गर्ने छु भनि, संकल्प गरेका थिए। त्यही अनुरूप देवताहरूको आग्रह र अनुरोधमा पहिला आफुलाई छाडि गएका पन्च बर्गिया भिक्षुहरूलाई आफुले प्राप्त गरेको बुद्धज्ञान सुनाउनु भै प्रथम पटक धर्मचक्र प्रवंद्धन गर्नु भएको पवित्र स्थान

हो सारनाथ। यहाँ मृगदयबन, अशोक स्तम्भ, गन्धकुटी विहार, धर्म स्तुपा चौखण्डि स्तुपा र वस्तु संग्रहलय रहेका छन्।

४. **कुशिनगर**ः तथागत बुद्धले ८० वर्षको उमेरमा कुशिनगर स्थित साल बागमा महापरिनिर्वाण प्राप्त गर्नु भएको थियो। त्यस बखत तथागत बुद्धले "अपोदीपभव संस्कारदर्पण बुद्धदर्शन। सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ," भन्नु भएको थियो। तथागत गौतम बुद्धको यो अन्तिम बचन थियो। त्यसपछि प्रथम ध्यान, द्धितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान हुदै महासमाधिमा प्रवेश गर्नु भयो। त्यहीबाट महापरिनिर्वाण प्राप्त गर्नु भयो। त्यो स्थानलाई कुशिनगर भन्दछ। त्यहाँ महापरिर्निर्वाण स्थल, साल बगैच, रामाभार स्तुपा,




चन्द्रमनि विहार र वस्तु संग्रहलय आदि छन्।

५. **अम्रपाली भवन**ः भगवान बुद्धले रूपवती अम्रपालीको भोजन दान ग्रहण गरी धर्मोपदेश गर्नु भयो। त्यही धर्मोपदेशबाट प्रभावित भएर बैशाली नगरको बिशाल अम्रपाली भवन भिक्षु महासंघलाई दान गरी सातौं दिनमा भिक्षुणी बनेर संघको सेवामा लागे। उनले छोटो समयमै अहर्तत्व प्राप्त गरिन्। बुद्ध शासनमा उनी दशौ अहर्त थिइन्। तथागत बुद्धले सय दिनको भाका राखि आयु त्याग गरी महापरिनिर्वाणको लागि कुशिनगर तर्फ यसै स्थानबट प्रस्थान गर्नुभएको पवित्र स्थल हो। यहाँ भगवान बुद्धको अस्तिधातुबाट निर्माण भएको स्तुपा, अशोक स्तम्भ, आम्रबन र वस्तु संग्रहलय रहेका छन्।

६. **जेतवन महाबिहार**ः दानबीर अनाथपिण्डकले स्वर्ण सिक्का बिच्छ्याएर खरिद गरेको बगैचामा बनाइएको जेतवन महाबिहारमा बुद्धले जिवनको लामो समय ध्यान र साधना गर्नु भयो। उनले अंगुलीमालालाई उपदेश, बुद्ध जन्मेको सातौँ दिनमा दिवंगत हुनुभएकी आमा महामाया देवीलाई धर्म देशना गर्न देवलोक जानु भएको पवित्र तिर्थस्थल हो। यहाँ जेतवन विहार, आनन्द बोधिबृक्ष, थाईलैण्ड बौद्ध विहार, अंगुलिमाला गुफा अनाथपिण्डक

दानस्थाल आदि रहेका छन् ।

७. **शंकाशी**: तथागत बुद्धको शासन कालमा ब्रह्मा, बिष्णु, महेश, देवेन्द्र यक्ष, गन्दर्ध, किन्नर, नाग, गरूड, अष्टबर्गहरू र थुप्रै देवी देवताहरू पृथ्वीमा एकसाथ अवतरण भइ तथागतको धर्मोपदेश सुनेको पवित्र स्थान शंकाशी हो। यो स्थान श्रावस्ती नजिकै रहेको छ।

८. **नमोबुद्ध**: आदिम कालमा बोधिसत्व पनौतीको राजकुमार छदा, पाँच डमरूहरू (बाघको बच्चालाई डमरू भन्दछ)का बिरामी बघेनीलाई आफ्नो साँप्रको मासु काटेर दान गरेको स्थान नमोबुद्ध हो भन्ने बिश्वास गरिन्छ। पछि तुषित भुवनबाट सेतो हात्तीको रूपमा रानी महामाया देवीको कोखमा प्रवेश गर्नु भइ, राजकुमार शाक्यमुनि गौतमको रूपमा प्रबर्जित भइ, बुद्धत्व लाभ गरे पछि ती डमरूहरू को थिए भनि चक्षुबाट हेर्दा, बधेनी प्रजापति गौतमी र पाँच डमरूहरू पन्चबर्गिय भिक्षुहरूको रूपमा बुद्धको सेवक बन्न पुगे भन्ने कथा महाजातकमा स्पष्ट उल्लेख भएको पाइन्छ।

९. **अष्टमहाचैत्य**: तथागत बुद्धको महापरिनिर्वाण भए पछि उनको पार्थिक शरीरलाई अग्नि प्रज्जवलित गरी बाँकी शेष रहन आएको धातुलाई आठ भागमा बाँडि चैत्यहरू निर्माण गरिएको हुदा, यिनै आठवटा चैत्यहरूलाई अष्टमहाचैत्य भनिएको हो। यी अष्टमहाचैत्यहरू कहाँ कहाँ निर्माण गरिएका छन् भन्ने बारेमा संक्षिप्त जानकारी गराउने प्रयास रहेको छ।

१. मगध राज्यका राजा अजात शत्रुले आफ्नो राजधानी राजगृहमा बिशाल चैत्य निर्माण गरी तथागत शाक्यमुनि गौतम बुद्धप्रति श्रद्धा चढाएका थिए।
२. द्रोण नामक वेदपाठी ब्राह्मणले रामग्राममा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
३. पावाको मल्ला राजाले आफ्नो नगरमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
४. बैशालीका राजा प्रसेनजितले श्रावस्तीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
५. कपिलबस्तुको शाक्यहरूले लुम्बिनीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति असिम श्रद्धा चढाएका थिए।
६. गन्धारको राजाले अल्लकप्पमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
७. नागपुरको ब्रह्मादत्त नामक उपासकले बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
८. कलिङ्गका राजपरिवारका सदस्यहरूले पनि बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए। यसरी निर्माण गरिने अष्टमहास्तुपाहरूमा प्रज्ञा, शील, मार्ग, देशना, बिजय, दीर्घायु, समृद्धि र निर्वाण रहेको छन्। यसलाई आफ्नो आवश्यकता र चहना अनुसार निर्माण गर्न सकिन्छ। अधिकांश स्थानहरूमा बिजय, दीर्घायु र समृद्धिको रूपमा निर्माण गरिएको पाइन्छ।

**–बुद्धबचनबाट ।**